नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

फोन ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

विकास सहायता समन्वय शाखा

पत्र संख्या:- ०८१/०८१

चलानी नं.:- ४२२

मितिः- २०८१/०३/०५

श्री स्थानीय तह, सबै।

विषयः- उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (HICDPs) अन्तर्गत स्थानीय तहले आयोजना प्रस्ताव पेश गर्ने सम्बन्धमा।

उपर्युक्त सम्बन्धमा भारत सरकारको सहयोगमा सञ्चालन हुने उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजना (High Impact Community Development Projects, HICDPs) कार्यक्रम अन्तर्गत सञ्चालन गरिने आयोजनाका लागि आयोजना प्रस्ताव पेश गर्न चाहने इच्छुक स्थानीय तहहरूले संविधान तथा प्रचलित कानूनले प्रदान गरेको अधिकारक्षेत्र एवं "आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८०" को अधीनमा रही देहायबमोजिम आयोजना प्रस्ताव पेश गर्नुपर्ने व्यवस्था गरिएको व्यहोरा मिति २०८१/०३/०४ को निर्णय (मा. मन्त्रिस्तरीय) अनुसार अनुरोध छ।

**१. HICDPs कार्यक्रम अन्तर्गत पेश गर्न सकिने आयोजनाको क्षेत्र/विषयः**

क) विद्यालय भवन, छात्रावास, पुस्तकालय

ख) अस्पताल, स्वास्थ्य चौकी, रक्त सञ्चार केन्द्र र प्रसूति केन्द्र (Birthing Center)

ग) फोहरमैला प्रशोधन केन्द्र

घ) खानेपानी आयोजना

ङ) कृषि पूर्वाधार निर्माण, शीतभण्डार, कृषि उपज प्रवर्धन केन्द्र।

यसरी आयोजना प्रस्ताव पेश गर्दाः

- स्कुल बस, फर्निचर, कम्प्युटर एवं कम्प्युटर ल्यावलगायतका बस्तुगत सहायताको सम्बन्धमा सोसमेत आयोजनाकै कूल निर्माण लागतमा समावेश गरी प्रस्ताव गर्न सकिनेछ। यी सामग्रीहरुको मात्र छुट्टै एकल आयोजनाको रूपमा प्रस्ताव गर्न पाइने छैन।
- स्वास्थ्य पूर्वाधार निर्माण गर्दा स्वास्थ्य उपकरणलाई आयोजनाकै कूल निर्माण लागतमा समावेस गरी प्रस्ताव गर्न सकिनेछ। सामग्री वितरणको मात्र छुट्टै आयोजनाको रूपमा प्रस्ताव गर्न सकिने छैन।

**२. आयोजनाको लागतः**

यस कार्यक्रम अन्तर्गत संचालन हुने प्रत्येक आयोजनाको कुल लागत लागत सहभागितासहित बढीमा रु. २० करोडसम्मको हुनेछ।

**३. लागत सहभागिताः**

क) गाउँपालिकाको हकमा कुल आयोजना लागतको पाँच प्रतिशत (५%),

नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं
विकास सहायता समन्वय शाखा

फोन { ४२००५०५, ४२००२९९, ४२००३०६
फ्याक्स नं.: ४२००३२२

पत्र संख्याः-

चलानी नं.:-

ख) नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको हकमा कुल आयोजना लागतको दश प्रतिशत (१०%)।

४. आयोजनाको प्रस्ताव पेश गर्दा देहायबमोजिमका कागजातहरू प्रस्तावसाथ अनिवार्यरूपमा संलग्न गर्नुपर्नेछः

क) विस्तृत आयोजना प्रतिवेदन

ख) भवन निर्माणसम्बन्धी आयोजनाको हकमा माटो परीक्षण प्रतिवेदन

ग) पूर्वाधार निर्माणका लागि आवश्यक जग्गाको उपलब्धता सुनिश्चित भएको प्रमाण

घ) लागत साझेदारी प्रतिबद्धता सम्बन्धमा कार्यपालिकाको निर्णय र औपचारिक पत्र।

(संजय अधिकारी)
शाखा अधिकृत

बोधार्थः-

**श्री सूचना तथा प्रविधि शाखा** - सबै स्थानीय तहमा इमेलमार्फत् पत्राचार गर्ने व्यवस्था गरिदिनु हुन तथा मन्त्रालयको वेबसाइटमा सूचना प्रकाशन गरिदिनु हुन।